अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०२/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा प्रतिवादीहश्रको हकमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु शौकत अलि खाँ, ध्रुवराज मरासिनी, शिवनाथ मण्डल, नन्दबहादुर कालाथापा र मानप्रसाद श्रेष्ठ मुद्दा नं.०८०-CR-००८४ फैसला भएको मितिः २०८१/०२/१६	गैरकानूनी तवरले फाईल नक्सा परिवर्तन गरी कित्ताकाट गरी भ्रष्टाचार गरेको।	क. **प्रतिवादी नापी कार्यालय, बुटवल, रुपन्देही तत्कालीन नापी निरीक्षक ध्रुवराज मरासिनीको हकमाः** निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सरकारी निकायको कागजातमा अनाधिकार वा गैरकानुनी तरिकाले सच्याउने वा हेरफेर गर्ने तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ज) बमोजिम सार्वजनिक बाटोलाई व्यक्तिका नाउमा कायम गरी व्यक्तिलाई नै लाभ हुने किसिमले खरिदविक्री गर्ने गराउने कार्य निहित कसूर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ तथा दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिबानाको मागदाबी लिईएको अवस्था देखिन्छ। ख. **प्रतिवादी नापी कार्यालय, बुटवल, रुपन्देही तत्कालीन**	प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौवाट फैसला हुँदा प्रतिवादीहरु शौकत अलि खाँ, ध्रुवराज मरासिनी, शिवनाथ मण्डल, र मानप्रसाद श्रेष्ठले अभियोग दाबीबाट सफाई पाउने साथै प्रतिवादी नन्दबहादुर कालाथापा **मृत्यु भैसकेको हुँदा निज उपर केही गरिरहनु नपर्ने** ठहर गरी फैसला भएको अवस्था छ । **५) विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरु** शौकत अलि खाँ, ध्रुवराज मरासिनी, शिवनाथ मण्डल, नन्दबहादुर कालाथापा र मानप्रसाद श्रेष्ठलाई **आरोप दावीवाट सफाई हुने ठहर गरी फैसला भएको र फैसला गर्दा निम्न आधारहरु लिएको देखिन्छ :-** क) प्रस्तुत मुद्दामा कार्यालयमा प्राप्त भइसकेको अभिलेख थपघट, केरमेट संशोधन गरेको भन्ने अवस्था नदेखिँएको। **ख)** प्रस्तुत मुद्दामा प्रतिवादीहरु कोही कसैले बदनियत राखी कार्य गरेको भौतिक एवं परिस्थितिजन्य प्रमाण विश्लेषणबाट नदेखिएको ।	क) जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वार्ड नं. १३ साविक बुटवल नगरपालिका वडा नं ९ख कि.नं. ३०४७ क्षेत्रफल ०-०-५ को जग्गा बुटवल क्षेत्र हेर्ने नापी कार्यालयका अमिन समेतले अन्य जग्गाधनीहरुसँग पैसा खाई उक्त जग्गा फिल्डमा नभएको जानकारी गराएको भन्ने समेत बेहोराको उजुरीवाट प्रारम्भिक अनुसन्धान भएको प्रस्तुत मुद्दामा जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वार्ड नं. १३ साविक बुटवल नगरपालिका वडा नं ९ख कि.नं. ३०४७ क्षेत्रफल ०-०-५ को जग्गाका सम्बन्धमा फिल्डमा गई हेर्दा उक्त जग्गाका जग्गाधनी कृष्ण बहादुर रायमाझी रहेको उक्त जग्गा फिल्डमा नरहेको अर्कैको भौतिक संरचना रहेको तथा उक्त संरचना बनाउदा पश्चिमतर्फको कित्ताहरु पूर्वतर्फ सर्दै गएको कारणले गर्दा फिल्डमा नरहेको भनी उल्लेख गरिएको मिति २०७४।२।१ गतेको नापी कार्यालय, बुटवल, रुपन्देहीका सर्वेक्षक देवी प्रसाद सापकोटाले पेश गरेको स्थलगत प्रतिवेदन तथा मिति २०७४।५।८ गतेको नापी कार्यालयको पत्रसाथ प्राप्त प्रतिवेदनमा कि.नं.३०४७ को पूर्वतिरको कित्ताहरुलाई आधारमानी नापजाँच गर्दा उक्त जग्गामा बनेको घरले ओगटेको क्षेत्रफल ०-०-७ धुर रहेको तथा पूर्वतर्फबाट नक्सा अनुसार नापजाँच गर्दा कि.नं.३०४८ सम्म नक्सानुसार घरहरु बनेको देखिन्छ तत् पश्चात कि.नं. हरु ३०४७ र ३०४९ नक्सामा देखिएको तर फिल्डमा निरीक्षण गर्दा कि.नं. ३०४८ देखि पश्चिम कि.नं. २६२० को भौतिक संरचना बनेको देखिएकोले उक्त कित्ता भन्दा पश्चिमतर्फका कित्ताहरु सिफ्ट भई पूर्वतिर आएको देखिन्छ भनी नापी कार्यालयको प्रतिवेदनमा उल्लेख भएकोले उक्त कि.नं. ३०४७ क्षेत्रफल ०-०-५ को सार्वजनिक जग्गालाई व्यक्ति विशेषको जग्गामा घुसाई नोक्सानी गरेको तथ्य मिसिल संलग्न नापी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०२/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

			सर्वेक्षक शिवनाथ मण्डलको हकमाः निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सरकारी निकायको कागजातमा अनाधिकार वा गैरकानुनी तरिकाले सच्याउने वा हेरफेर गर्ने तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ज) बमोजिम सार्वजनिक बाटोलाई व्यक्तिका नाउमा कायम गरी व्यक्तिलाई नै लाभ हुने किसिमले खरिद विक्री गर्ने गराउने कार्य निहित कसूर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ तथा दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिबानाको मागदाबी लिएको देखिन्छ । **ग. प्रतिवादी नापी कार्यालय, बुटवल, रुपन्देही तत्कालीन अमिन शौकत अलि खाँको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सरकारी निकायको कागजातमा अनाधिकार वा गैरकानुनी		कार्यालयको पत्रहरु एवं भूमी सुधार था व्यवस्थापन विभागको मिति २०६२।१०।१७ को च.नं २४७ को पत्र समेतवाट देखिंदा प्रमाणहरुको यथोचित विश्लेषण नगरी भएको फैसला त्रुर्टिपूर्ण भएकोले वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गरीपाउँ । ख) यसै साविक कि.नं. ३०४७ क्षेत्रफल ०-०-५ को जग्गाको सम्बन्धमा बुटवल उपमहानगरपालिका कार्यालय, बुटवल, रुपन्देहीको च.नं. ११६३ मिति २०७४।०५।२७ को पत्रमा साविक बुटवल १३ हाल वडा नं ११ न्यूभिजन पथको कि.नं.३०४७ को जग्गा फिल्डमा हेर्दा उक्त कित्ताको पूर्वतिरको कित्ताहरुलाई आधारमानी नापजाँच गर्दा कि.नं.३०४८ सम्म नक्सानुसार घरहरु बनेको देखिन्छ तत् पश्चात कि.नं. हरु ३०४७ र ३०४९ नक्सामा देखिएको तर फिल्डमा निरीक्षण गर्दा कि.नं. ३०४८ देखि पश्चिम कि.नं.२६२० क्षेत्रफल ०-०-७ धुर जग्गा गौरादेवी गैरेको नाउमा रहेको तथा उक्त जग्गामा यस उपमहानगरपालिकाको ईजाजत अनुसार निजले दुईतले घरसमेत बनेको भन्ने व्यहोराको रहेको अवस्थामा ट्रेस नक्सामा कि.नं. ३०४७ समेत उल्लेख भई उक्त क्षेत्रफल ०-०-५ को सरकारी जग्गा रहेको तथ्य पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी सार्वजनिक बाटो रहेको जग्गालाई ट्रेश नक्सा तयार पारी कित्ताकाट गरी व्यक्ति विशेषलाई लाभ हुने कार्य गर्नुका साथै सरकारी फाईल नक्सा नम्बर समेत फरक पारी जिल्ला रुपन्देही साविक बुटवल ९ख को कि.नं ३०४७ को जग्गालाई फिल्डबाट नै गायब गराउने कार्यहरु गरेको तथ्य पुष्टि भईरहेको अवस्थामा वदनियतपूर्ण तरिकाले सरकारी जग्गालाई व्यक्तिको नाममा वनाई हानी नोक्सानी गर्ने यी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भएकोले वदरभागी छ ।बदर गरिपाउँ । ग) नापी कार्यालय, बुटवल, रुपन्देहीको च.नं. ४३९८, मिति २०७५।०२।१७ को पत्रमा जिल्ला रुपन्देही साविक बुटवल १३

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०२/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

			तरिकाले सच्याउने वा हेरफेर गर्ने तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ज) बमोजिम सार्वजनिक बाटोलाई व्यक्तिका नाउमा कायम गरी व्यक्तिलाई नै लाभ हुने किसिमले खरिद विक्री गर्ने गराउने कार्य निहित कसूर गरेको देखिदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ तथा दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिबानाको मागदाबी लिएको देखिन्छ । **घ. प्रतिवादी नन्द बहादुर कालाथापाको हकमाः** निज प्रतिवादीले जिल्ला रुपन्देही सावित बुटवल ९ख फाईल नक्सा नं ५५५ मा पर्ने सार्वजनिक बाटो कायम रहेको कि.नं. ४८६३ को जग्गालाई नापी कार्यालयका कर्मचारीहरुसँग मिलमतो गरी फाईल नक्सा परिवर्तन गर्न-गराउन लगाई मिति २०६३।६।२९ गते कित्ताकाट गराई सार्वजनिक		हाल वडा नं ११ न्यूभिजन पथको कि.नं.३०४७ को फाईल नक्सा नं ५९८ संग सम्बन्धित रहेको तथा च.नं. ३४४, मिति २०७६।०६।२५ को पत्रमा जिल्ला रुपन्देही सावित बुटवल १३ हाल वडा नं ११ न्यूभिजन पथको कि.नं. ३०४७ र कि.नं. ३०४९ को वस्तुस्थिति हेर्दा कूलोसमेतलाई आधार मानिएकोमा हाल नक्सा तथा जमिनमा कायम रहेको कि.नं. २७५० सम्मको जग्गा मिल्न आउने देखिन्छ। तत्पश्चात कि.नं.हरु ३०४७ ३०४८ र ३०४९ हुनुपर्नेमा कि.नं. २७५० संग जोडिने गरी कि.नं. ३०४८ को पक्की घर रहेको देखिन्छ साथै पश्चिम तर्फका कित्ताहरुमा घर तथा खाली देखिन्छ जवकी कि.नं. ५०७० हुनुपर्नेमा कि.नं.३८३२ भनी टिनको घर बनाई भोगचलन रहेको अवस्था देखिन्छ। लिखत राजिनामा अनुसार पश्चिममा उक्त जग्गा हुनुपर्ने ठाउमा हाल कि.नं ५९७८ को भोग रहेको देखिन्छ । कि.नं. ५९७८ को कित्ता राजिनामा उल्लेखित तर्फ तथा सावित कित्ता हेर्दा कि.नं. ३०४७ र ३०४९ को प्लट भन्दा माथिल्लो प्लटमा पर्ने देखिन्छ भनी प्रतिवेदन दिएको तथा बुटवल ९ख कि.नं. ४८६३ जग्गाधनी नन्द बहादुर कालाथापाको नाउमा देखिएकोमा उक्त कित्ता कित्ताकाट गरी कि.नं ५९७८ र ५९७९ कायम भएको भन्ने व्यहोरा रहेको देखिरहेको र नापी कार्यालय बुटवलमा कार्यरत अमिन शौकत अलि खाँ, नापी निरीक्षक ध्रुवराज मरासिनी, सर्वेक्षक शिवनाथ मण्डल ले स्थलगत नापजाँच गरी नक्सा ट्रेस नै सच्चाई परिवर्तन गरी सार्वजनिक बाटोको जग्गालाई कित्ताकाट गरी क्षेत्रफल घटाउने, अनाधिकृतवरले फाईल नक्सा नम्बर नै परिवर्तन गर्ने तथा सार्वजनिक जग्गालाई फिल्डबाट नै गायब गर्ने-गराउने कार्यहरु गरी भ्रष्टाचारजन्य कसूरमा संलग्न रहेको देखिरहेको अवस्थामा गैरकानुनी तवरबाट सरकारी कागजातमा सच्याएको, कित्ता नै परिव्तन गर्ने समेतका कार्य गरी नोक्सानी पुर्याएको अवस्थामा अदालतले भुलवस फाईल नक्सा नं. ५५५ को नक्सामा मसी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०२/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

			बाटोलाई व्यक्तिका नाउमा कायम गरी व्यक्तिलाई नै लाभ हुने किसिमले खरिद बिक्री गर्ने गराउने तथा सार्वजनिक बाटोको जग्गाको क्षेत्रफल घट्न गएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ अन्तर्गतको कानूनमा मागदाबी लिई आरोपपत्र दायर गर्नुपर्नेमा निजको मिति २०७२।६।२९ गते मृत्यु भईसकेको मृत्यु दर्ता प्रमाणपत्रबाट देखिँदा फौजदारी न्यायको सामान्य सिद्धान्त तथा मुलुकी फौजदारी अपराध संहिता २०७४ को दफा १३३ बमोजिम सजायको दाबी नगरी जग्गा सार्वजनिक कायम गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरिएको देखिन्छ । ङ. **प्रतिवादी मान प्रसाद श्रेष्ठको हकमाः** जिल्ला रुपन्देही सावित बुटवल ९ख फाईल नक्सा नं ५५५ मा पर्ने सार्वजनिक बाटो कायम रहेको कि.नं. ४८६३ को जग्गालाई कित्ताकाट गरी कि.नं. ५९७८ कायम हुन		भर्नुपर्नेमा ५९८ नं. को नक्सामा मसी भरिएको भन्ने काल्पनिक आधार ग्रहण गरी वदनियतपूर्ण तवरले गरिएको भ्रष्टाचारजन्य कसुरलाई Mistake of Fact को आधार बनाई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण भई वदरभागी छ । घ) नापी कार्यालय बुटवलको च.नं. ५४०१ मिति २०७६।८।१० गतेको पत्रसाथ संलग्न रहेको ट्रेस नक्सा र लिखतमा जिल्ला रुपन्देही सावित बुटवल १३ हाल वडा नं ११ न्यूभिजन पथ रहेको बुटवल ९ख कि.नं. ४८६३ क्षेत्रफल ०-३-९३/४ रहेको नन्द बहादुर कालाथापा कायम भएको जग्गालाई मिति २०६३/६/२९ गते नापी कार्यालयले ट्रेस नक्सा तयार गरी कि.नं. ५९७८ क्षेत्रफल ०-०-६ र कि.नं. ५९७९ क्षेत्रफल ०-३-३३/४ कायम हुन आएको सोहि आधारमा मालपोत कार्यालयले राजिनामा लिखत तयार गरी कि.नं. ५९७८ क्षेत्रफल ०-०-६ हरि बहादुर श्रेष्ठ (मल्ल) (हाल मान प्रसाद श्रेष्ठको नाउमा दर्ता रहेको) र कि.नं. ५९७९ क्षेत्रफल ०-३-३३/४नन्द बहादुर कालाथापाकै नाउमा कायम रहेको ट्रेश नक्सा र स्रेस्तासमेत रहेको नापी कार्यालय बुटवलको च.नं.५४०१ मिति २०७६।८।१० गतेको पत्र समेतवाट देखिंदा हाल स्व. नन्दबहादुर कालाथापाको नाममा कायम हुन आएको उक्त सरकारी जग्गा जफत गर्नुपर्नेमा अन्य प्रतिवादीहरुलाई सफा२ दिई जग्गा जफत नगरी यथास्थितिमा ने व्यक्तिको नाममा कायम गरिएको कार्यलाई सदर गर्नेगरी भएको फेसला त्रुर्टिपूर्ण हुँदा वदरभागी छ। ङ) वादी नेपाल सरकारका साक्षी ज्ञानेश्वर पन्थ र शालिग्राम सुवेदीले अदालत समक्ष उपस्थित भई वकपत्र गर्दा मिति २०७६/०६/०२ गते र मिति २०७६/०७/२५ गते भएको स्थलगत निरीक्षण प्रतिवेदनको बेहोरा र सो मा भएको सहीछाप म समेतको हो। लिखत राजिनामा अनुसार पश्चिममा हुनुपर्ने जग्गा हुनुपर्ने

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०२/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

			गएको देखिएकोमा सार्वजनिक जग्गा खरिदविक्री गर्दा निजको संलग्नता नदेखिई पछि मात्र जग्गा खरिद गरेकोले हालका जग्गाधनी मान प्रसाद श्रेष्ठ लाई सार्वजनिक बाटो हस्तान्तरित हुन गएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम उक्त कित्ताकाट बदर गरी सार्वजनिक बाटो कायम गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरिएको अवस्था देखिन्छ।		ठाउँमा हाल कि.नं.५९७८ को भोग रहेको देखिन्छ। कि.नं.५९७८ को कित्ता राजिनामा उल्लेखित तर्फ तथा सावित कित्ता हेर्दा कि.नं.३०४७ र ३०४९ को प्लट भन्दा माथिल्लो प्लटमा हुनुपर्ने देखिन्छ भन्ने बेहोरामा वादी नेपाल सरकारका साक्षी ज्ञानेश्वर पन्थ र शालिग्राम सुवेदीले मिति २०८०/१२/१४ मा अदालत समक्ष गरेको एकै मिलानको गरेको बकपत्र रहेको र जसलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिएकोमा सो तर्फ अन्देखा हुने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुर्टिपूर्ण देखिएकोले वदरभागी रहेको छ । च) प्रतिवादीहरु नापी निरीक्षक ध्रुवराज मरासिनी, सर्वेक्षक शिवनाथ मण्डल र अमिन शौकत अलि खाँ समेतले सार्वजनिक बाटो रहेको जग्गालाई ट्रेश नक्सा तयार पारी कित्ताकाट गरी व्यक्तिविशेषलाई लाभ हुने कार्य गर्नुका साथै सरकारी फाईल नक्सा नम्बरसमेत फरक पारी जिल्ला रुपन्देही सावित बुटवल ९ख को कि.नं ३०४७ को जग्गालाई फिल्डबाट नै गायब गराउने कार्यहरु गरी भ्रष्टाचारजन्य कार्य गरेको भन्ने देखिरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदाबी बमोजिम नै सजाय गर्नुपर्नेमा निजहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुर्टिपूर्ण रहहेकोले वदरभागी छ । वदर गरीपाउँ । अत, माथि उल्लिखित आधार कारण र प्रमाणहरुबाट आरोप दावी वमोजिम नै सजाय हुनुपर्नेमा प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादीहरु शौकत अलि खाँ, ध्रुवराज मरासिनी र शिवनाथ मण्डललाई आरोपदावी वमोजिम नै सजाय गरीपाउँ साथै कि.नं. ३०४७ क्षेत्रफल ०-०-५ को सरकारी जग्गा प्रतिवादीहरु नन्दबहादुर कालाथापा र मानप्रसाद श्रेष्ठवाट जफत गरी पाउन सादर अनुरोध छ।